मध्यपश्चिम विश्वविद्यालय
# परीक्षा व्यवस्थापन कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्या : ०७९/०८०
चलानी नम्बर :

मिति : २०७९/१०/०५

## परीक्षा आवेदन फारम भर्ने सूचना

मध्यपश्चिम विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार ग्र्याजुयट स्कुल अन्तर्गत तपसिलका तह र सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ । सम्बन्धित विद्यार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम भरी बुझाउनुहोला । परीक्षा फारम www.muexam.edu.np को Online Exam form बाट अनिवार्य अनलाइन भरी सबै विद्यार्थीहरुले आफ्नो परीक्षा फारम भौतिक रुपमा पनि क्याम्पसमा बुझाउनुहोला ।

| ग्र्याजुयट स्कुल | तह | विशिष्टिकरण | सेमेस्टर |
|---|---|---|---|
| मेनेजमेन्ट | स्नातक | BBA/ BHM/ BTTM | दोस्रो |
| | | BBA/ BHM/ BTTM | तेस्रो |

पुनश्चः

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन् ।

२) परीक्षा फारम मिति २०७९ माघ ०५ गते देखि २०७९ माघ २५ गते सम्म नियमित शुल्क र २०७९ माघ २६ गते देखि २०७९ फाल्गुन ०३ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ ।

३) सम्बन्धित क्याम्पसले मिति २०७९ फाल्गुन ०५ गते साँझ ४:०० बजे सम्म परीक्षा फारम भरेका विद्यार्थीहरुको नामावली सहित नियमानुसार जम्मा गर्नुपर्ने रकमको बैंक भौचर परीक्षा व्यवस्थापन कार्यालयमा बुझाइसक्नु पर्ने छ ।

४) परीक्षा फारम पठाउदा Online Exam form list बाट प्राप्त sheet अनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पष्ट हुने गरी छुट्टै विवरण समेत संलग्न गरी पठाउनु पर्ने छ ।

५) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा विगारेमा विभागीय प्रमुख/कार्यक्रम संयोजक/क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनुभन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु. ४००/- ( अक्षरुपी चारसय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय बाट आवश्यक संशोधन गर्न सकिने छ ।

६) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

२०७९/१०/०५

नरेन्द्र प्रकाश सावद
परीक्षा व्यवस्थापन प्रमुख